# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) पाङ्ग्रेटार, सिन्धुपाल्चोक, भदौ २२ गते, २०७८ साल अतिरिक्ताङ्क ३


## भाग २

## सुनकोशी गाउँपालिकाको
## गाउँ प्रहरी नियमावली, २०७६

सुनकोशी गाउँपालिका स्वच्छ र सफा राख्ने गाउँवासीको चाहना परिपुर्ति गर्ने गाउँ सुरक्षा व्यवस्था समेत सुदृढ तुल्याउदै नागरीकको स्वच्छ वातावरणमा बाँच्न हक प्रचलन र जीउधनको सुरक्षा प्रदान गर्न वाञ्छनीय भएकाले नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) अनुसूची ८ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ११ सा भएको व्यवस्था

बमोजिम सुनकोशी गाउँपालिका गाउँ प्रहरी नियमावली २०७३ बमोजीम लागू गरीएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यो नियमावलीको नाम "गाउँ प्रहरी नियमावली २०७ रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशीत भएको मितिदेखी प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :**

(१) "गाउँ प्रहरी" भन्नाले सुनकोशी गाउँपालिका बाट यस नियमावली बमोजिम नियुक्त भएका गाउँ प्रहरी लाई सम्झनु पर्छ ।

२) "प्रमुख" भन्नाले सुनकोशी गाउँपालिकाको गाउंपालिका अध्यक्ष लाई सम्झनु पर्छ ।

(३) "कार्यलय" भन्नाले सुनकोशी गाउँपालिकाको कार्यलयलाई सम्झनु पर्दछ ।

(४) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(५) पदपूर्ति समिति" भन्नाले गाउँपालिकाको पदपुर्ति समितिलाई सम्झनु पर्दछ ।

३. **गाउँ प्रहरी समुह गठन :** सुनकोशी गाउंपालिका बाट देहाय बमोजीम गाउँ प्रहरी समूह गठन गरी आवस्यकता अनुसार देहायका पद सिर्जना गरी पदपूर्ति गर्न सकिनेछ ।

(१) गाउँ प्रहरी हवल्दार (सहायक प्रमुख)

(२) गाउँ प्रहरी जवान

## परिच्छेद -२

## गाउँ प्रहरी पदपूर्ति सम्बन्धी व्यवस्था

४. **पदपूर्ति सम्बन्धी व्यवस्था :** (१) सुनकोशी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार तोकिए बमोजीमको गाउँप्रहरीको आवस्यक दरबन्दी सिर्जना गरिनेछ ।

(२) उपदफा १ बमोजिम सिर्जना भएका पदको पदपूर्ति समिति समक्ष सिफारीस गरिनेछ । पदपूर्ति समिति प्रचलित कानुन बमोजीम गठन भई क्रियाशील नहुन्जेल सम्म संघिय सरकार प्रादेशिक सरकार तथा गाउँपालिका ले बनाएको कानुन बमोजिम नै पदपूर्तिको प्रकृयामा निर्णय गरिनेछ।

५. **गाउँ प्रहरीको आवस्यक योग्यता :** (१) (क) गाउँ प्रहरी सहायक प्रमुख तहको लागी कम्तीमा एस.एल.सी उर्तिण गरी सेना वा प्रहरी सेवाबाट निवृत भएका वा उपदान लिएर राजीनामा यरी कम्तीमा ५० वर्ष ननाघी ५ वर्षको अनुभव भएको हुनुपर्ने ।

(ख) गाउँ प्रहरी जवानका लागी आधारभुत शिक्षा वा सो सरह उतिर्ण १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(२) उपदफा १ को प्रकरण (क), (ख) बमोजीमक़ा पदमा नियुक्ति गर्दा नेपाल प्रहरी एंव नेपाली सेनाबाट निवृति भएका वा उपदान सेवा लिइ राजीनामा गरेका व्यक्ति लाई पहिलो प्राथमिकता दिईनेछ, ।

(३) दफा ५ को (१) क र ख बमोजीम गाउँप्रहरी को नियुक्ति गर्दा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछ ।

६. **पदपूति समितिको गठन** : हाल स्थानीय सरकार संचालन ऐनमा पदपूर्ति समितिको व्यवस्था नभएकोले पछि संघिय वा प्रदेश सरकारले बनाएको प्रचलित कानुन बमोजीम पदपूर्ति समिति गठन हुनेगरी हाललाई गाउँकार्यपालिकाको बैठकबाट निर्णय भए बमोजीम हुनेछ ।

(१) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :

(क) खुल्ला प्रतियोगिता बाट पदपूर्ति पदको पाठ्यक्रम निर्धारण गर्ने, (ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परिक्षाको किसिम राख्ने,

(घ) पदपूर्तिका लागी विज्ञापन प्रकाशन गर्ने,

(ङ) परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागी सिफारीस गर्ने,

७. **विज्ञापन सम्बन्धी व्यवस्था** : (१) पदपूर्ति समितिले पदपूर्तिका लागि विज्ञापन गर्दा पत्रिकामा कम्तीमा ७ दिनको म्याद दिई देहयको विषय समेत खुलाई प्रतियोगिताका लागी विज्ञापन प्रकाशण गर्नुपर्नेछ ।

(क) पदको नाम

(ख) आवस्यक संख्या,

(ग) दरखास्त दिने अन्तिम मिति र स्थान,

(घ) दरखास्त दस्तुर

(ङ) आवस्यक न्यूनतम शैक्षिक योग्यता,

(च) पेश गर्नुपर्ने आवस्यक प्रमाणपत्र,

(छ) सम्पर्क मिति र स्थान,

(ज) परिक्षाको तरिकाहरु,

(झ) अन्य शर्तहरु,

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागि समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन्।

(३) उपनियम (२) वमोजिम दरखास्त पेश गर्ने व्यक्तिले थप खुल्ला तथा समावेशी समूहका पदका लागि परिक्षा दस्तुर थप ५० प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम प्रकाशति विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले खुला प्रतियोगितात्मक परिक्षाद्वारा पूर्ति हुने पदका लागि निर्धारित दरखास्त फारम भरी परीक्षा दस्तुर सहित विज्ञापनमा तोकिएको स्थान र समयमा बुझाउनु पर्नेछ ।

(५) पदपूर्ति समितिवाट विज्ञापन प्रकाशित भएपछि दरवन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परिक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगावै सो पदपूर्ति समितिले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा संख्या समेत थप गर्न सक्नेछ।

# परिच्छेद ३

# गाउँप्रहरी नियुक्ति सम्बन्धी व्यवस्था

८. **उमेदवारको दरखास्त फारम र प्रवेशपत्रका ढाँचा** : (१) उम्मेदवारको दरखास्त फारम र प्रवेशपत्रको ढाँचा अनुसूचि १ अनुसुचि २ बमोजिम हुनेछ ।

(२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेश गरेमा गाउंपालिकाले तोकेको दस्तुर दिई प्रवेशपत्रको प्रतिलिपि उपलब्ध गराई परिक्षामा सामेल गराउन सक्नेछ

९. **अन्तर्वार्ता समितिको गठन** : पदपूर्ति समितिले एकजना अध्यक्ष र २ जना सम्बन्धित विषयका दक्ष विशेषज्ञ समेत गरी कम्तिमा तीन जना सदस्य रहेको अन्तर्वार्ता समिति गठन गर्न सक्नेछ । पदपूर्ति समिति गठन गई क्रियाशिल नहुन्जेल सम्म कार्यपालिकाको निर्णय वमोजिम हुनेछ।

१०. **अन्तिम नतिजा प्रकाशन** : (१) पदपूर्ति समितिले छनौट सम्बन्धी सम्पूर्ण प्रकृया सम्पन्न भएपछि सबभन्दा १०.बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम कतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म रिक्त पदका प्रतिशत वा घटिमा दुई जना योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाश गर्नुपर्नेछ।

(३) नियुक्तिका लागि सिफारिस भएका उम्मेदवार तोकिएको समयभित्र नियुक्ति लिन नआएमा वा त्यस्ता पदमा

नियुक्त भएको ६ महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारको काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्ति गर्न सकिनेछ।

११. **नियुक्ति दिने :** (क) दफा १० (२) र (३) बमोजिम पदपूर्ति समितिबाट सूचि प्रकाशन भई सिफारिस भएका गाउँ प्रहरीलाई गाउँपालिकाले नियुक्ति दिनु पर्नेछ।

(ख) गाउँ प्रहरीको सेवा सुविधा, सेवाका शर्त सेवा अवधि, जिम्मेवारी, आचरण, विभागिय कारवाही र सजाय सम्बन्धि व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१२. **करारमा सेवा लिन सकिने :** नियम ८, ९,१०,११ म जुनसुकै कुरा लेखिएको भएता पनि हाल प्रचलित संघीय /प्रान्तिय सरकारको कानून बमोजिम कार्यपालिका बैठकबाट निर्णय गरी तत्काल करारामा गाउँ प्रहरी नियुक्ति गर्न सकिने छ । मापदण्द, पदपूर्ति प्रकृया र विधी करारनामा नै उल्लेख भए बमोजिम हुनेछ वा कार्यपालिकाले समिति गठन गरी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **गाउँ प्रहरी काम, कर्तव्य र अधिकार :- गाउँप्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) गाउँपालिकाको नीति, कानुन मापदण्द तथा निर्णय कार्यन्वयन गर्ने ।

(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(ग) स्थानीय स्तरमा हुने सभा समारोह परम्परा तथा जात्रा चाडपर्वहरुको सुरक्षा गर्ने ।

(घ) स्थानीय बजार, सडक पेटी तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(ङ) गाउँको सरसफाई सम्बन्धी गाउँ कानून मापदण्डको कार्यन्वयन गर्ने ।

(च) न्यायिक समितिले गरेका मिलापत्र, आदेश तथा निर्णयको कार्यन्वयन गर्ने ।

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने ।

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने ।

(झ) अनधिकृत विज्ञापन तथा होर्डिङबोर्ड नियन्त्रण गर्ने हटाउने ।

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने ।

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने।

## परिच्छेद ४
## विविध

१४. **सेवा सुविधा सम्बन्धी व्यवस्था** : (१) गाउँ प्रहरीको तलब भत्ता नेपाल सरकार, प्रादेशिक सरकार, स्थानिय सरकारको कानून समान तहका अन्य कर्मचारीले खाइपाई आए बमोजिम नै सेवा सुविधा कायम गरिनेछ।

(२) कार्यपालिकाको निर्णय अनुसार पदिय जिम्मेवारी भूमिकालाई ध्यानमा राखी कार्यपालिका बैठकले निर्णय गरी थप सेवा सुविधा पनि दिन सक्नेछ।

१५. **अवकास सम्बन्धि व्यवस्था** : (१) गाउ कार्यपालिकाको निर्णय अनुसार स्थायी कर्मचारीको हकमा गाउँपालिकाका अन्य स्थायी समान तहका कर्मचारीको सरह अवकास सम्बन्धी व्यवस्था हुनेछ ।

१६. **खारेजी र बचाऊ** : संघीय सरकार र प्रादेशिक सरकारसँग यो नियमावली बाझिएको हदसम्म स्वतः अमान्य भई बदर हुनेछ । अन्यको हकमा यसै नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

# अनुसुची १

**श्री.....................................**

...............................

त्यस कार्यालयबाट मिति....................... मा प्रकाशित विज्ञापन अनुसार म...................पदमा नोकरी गर्न अभिलाषा लिई निवेदन गर्न आएको छु ।

नाम, थर

जन्म मिति..

जन्म स्थान

शैक्षिक योग्यता.

१.

२.

बाबुको नाम........................ बाजेको नाम.........................

नगरिता..................................

| दाँया | वाँया |
|---|---|
| | |

मितिः

माथि लेखिएको विवरण ठीक साँचो छ । झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

.............................

**निवेदकको हस्ताक्षर**

द्रष्टव्यः माथि लेखिएका देखी बाहेक अन्य कुरा खुलाउनु परेमा छुट्टै पानामा लेखी आवेदन साथै पासपोर्ट साइजको हालसालै खिचिएको तस्वीर यसै साथ समावेश गर्नु पर्नेछ ।

**विभागीय उम्मेदवारको लागि मात्र :**

(क) हाल कार्यरत दर्जा :-

(ख) दरवन्दी :-

द्रष्टव्यः दरखास्त साथ विज्ञापनमा उल्लेख भएका अतिरिक्त देहायका कागजपत्र समेत अनिवार्य रूपमा पेश गरी प्रमाणित गर्नु पर्नेछ ।

(१) नेपाली नागरिताको प्रतिलिपी

(२) विज्ञापन भएका पदका लागि तोकिएको न्युनतम् शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी (३) सम्बन्धित व्यवसायिक परिषद्मा नाम दर्ता हुनु पर्ने पदका लागि परिषद्मा दर्ता भएका प्रमाणपत्रका प्रतिलिपी

## अनुसुची २

गाउँ प्रहरी ......................... पदको खुल्ला प्रतियोगिता परिक्षाको

(क) विज्ञापन मिति :......................

(ख) विज्ञापन नं. ......................

(ग) दर्ता नम्बरः-

(घ) नाम, थरः-

(ङ) उमेरः-

(च) श्रेणी, तहः-

**भर्ना छनौट शाखाको सम्बन्धित कर्मचारीले भने :**

यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तपाईलाई उक्त केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ |विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि रद्द हुन सक्नेछ । नैतिक पतन देखि फौज्दारी अभियोगमा सजाय पाए नपाएको

**परिक्षा केन्द्र :**

मैले यस अघि गाउँ प्रहरीमा जागिर गरेको छ/छैन । छ भने छोडेको मिति :

दर्जा :............................ छोड्नुको कारणः.............................................................

**ठेगाना :**

(क) स्थायी

(ख) अस्थायी

(ग) सम्पर्क नं. :-

(घ) ई-मेल ठेगाना :-

........................
अधिकृतको दस्तखत

**का.पा.बाट स्वीकृत मिति : २०७६।०५।२२**
**प्रमाणित मिति : २०७६।०५।२२**

**आज्ञाले,**
**पूर्ण प्रसाद दुलाल**
**प्रमुख प्रशासकीय अधिकृत ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।-
गो.हु.द.नं. १६।२०६२।६३